# लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - १२, (आ.व. २०८२/०८३)

आज मिति २०८३/०२/२३ गते शनिबार, बिहानको ८ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २. | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३. | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ४. | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५. | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६. | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७. | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८. | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९. | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १०. | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११. | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२. | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३. | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४. | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५. | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६. | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७. | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री प्रमोद भट्टराई

श्री रवि कटवाल

**बैठक संख्या: ११**

**क. मिति: २०८३/०२/२३ गते शनिबार**

**ख. बिहान: ८:०० बजे**

---

**क) प्रस्तावित  विषयहरुः**

१. समीक्षा सम्बन्धमा,
२. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,
३. सार्वजनिक सुनुवाई मिति तोक्ने सम्बन्धमा,
४. योजना कार्यान्वयन समीक्षा तथा भुक्तानी सम्बन्धमा,
५. आधारभूत अस्पताल कर्मचारी व्यवस्थापन सम्बन्धमा,
६. विभिन्न योजनाको लागि स्रोत व्यवस्थापन सम्बन्धमा,
७. राजश्व परामर्श तथा बजेट तर्जुमा समिति संयोजक तोक्ने सम्बन्धमा,
८. विविध समसामयिक विषयका सम्बन्धमा ।

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा, विगतका कार्यपालिका बैठकका निर्णयहरू क्रमशः प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरूबिच आवश्यक समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो। उक्त नीति तथा कार्यक्रमलाई थप प्रभावकारी, जनमुखी र समावेशी बनाउन नागरिक समाज तथा सरोकारवाला राजनीतिक दलहरूको सल्लाह, सुझाव र प्रतिक्रिया संकलन गर्ने प्रयोजनार्थ मिति २०८३/०२/२९ गते सर्वदलीय बैठक आयोजना गर्ने र प्राप्त सुझावहरूलाई समेत मध्यनजर गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्ने निर्णय गरियो।

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा, आ.व. २०८२/०८३ मा सम्पन्न विभिन्न योजना तथा कार्यक्रमहरूको सम्बन्धमा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न र नागरिकस्तरबाट आवश्यक पृष्ठपोषण (सुझाव) एवं मूल्याङ्कन संकलन गर्न मिति २०८३/०३/१२ गते लिखु गाउँपालिकाको सभाहलमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भई कार्यान्वयनका चरणमा रहेका विभिन्न योजना तथा कार्यक्रमहरूको प्रगति समीक्षा गरियो। आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा पर्न सक्ने चाप तथा योजना अनुगमनलगायतका कार्यहरूमा उत्पन्न हुन सक्ने व्यावहारिक कठिनाइहरूलाई मध्यनजर गर्दै, देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो:

- कार्यान्वयनमा रहेका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको प्राविधिक मापदण्ड बमोजिम गुणस्तर सुनिश्चित गर्ने।
- निर्माण तथा कार्यान्वयनका चरणमा रहेका सबै योजनाहरूलाई सकेसम्म आगामी असार १० गतेभित्र सम्पन्न गर्न लिखु गाउँपालिकाका सम्बन्धित शाखाहरू तथा सम्पूर्ण वडा कार्यालयहरूलाई आवश्यक निर्देशन दिने।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेको ५ शैयाको आधारभूत अस्पतालको स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी र नियमित बनाउन प्राविधिक जनशक्तिको आवश्यकता देखिएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा **लिखु गाउँपालिका आधारभूत अस्पताल व्यवस्थापन कार्यविधि, २०८१** को प्रावधान र परिधिभित्र रही देहायका पद र तहमा करार सेवामा कर्मचारी पदपूर्तिका लागि सार्वजनिक सूचना (विज्ञापन) आह्वान गर्ने तथा कर्मचारी पदपूर्ति सम्बन्धी यस अघि गठित समितिलाई नै जिम्मेवारी दिने निर्णय गरियो:

**क. पद/तह/आवश्यक संख्या**

| **क्र.सं.** | **पद** | **तह/श्रेणी** | **आवश्यक सङ्ख्या** | **कार्यालय** |
|---|---|---|---|---|
| १. | ल्याब टेक्निसियन | सहाकस्तर पाचौं | १ | आधारभूत अस्पताल |
| २ | रेडियोग्राफर | सहाकस्तर पाचौं | १ | आधारभूत अस्पताल |

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यालय तथा ५ शैयाको आधारभूत अस्पतालमा खानेपानीको अभाव देखिएकोले तत्काल खानेपानीको व्यवस्थापन गर्नुपर्ने आवश्यकता महसुस गरियो । यसका लागि विगतमा युनिसेफ (UNICEF) द्वारा सञ्चालित खानेपानी योजना हाल जीर्ण अवस्थामा रहेको र उक्त आयोजनाको मर्मतसम्भार गरेमा खानेपानीको दिगो व्यवस्थापन हुने देखिएकोले, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको परिधिभित्र रही देहाय बमोजिमका आयोजनाहरूबाट रकमान्तर तथा शीर्षकान्तर गर्नुपर्ने देखिएको हुँदा सो सम्बन्धी संशोधन प्रस्ताव आगामी गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै, उक्त मर्मत कार्यका लागि अपुग हुने रकम आधारभूत अस्पताल सञ्चालनका लागि प्राप्त बजेटबाट नियमनुसार उपयोग गर्ने निर्णय समेत गरियो ।

| क्र.सं. | आयोजनाको नाम | श्रोत | विनियोजित रकम | थप रकम | घट रकम | संशोधित रकम | रकमान्तर तथा शीर्षकान्तर | कायम कम |
|---|---|---|---|---|---|---|---|---|
| १ | साना सिंचाइ साझेदारी | संघिय समानिकरण | ६२३००० | ० | ६२३०००<br>720000 | ० | पालिका तथा अस्पताल खानेपानी मर्मत योजना लिखु ४ र ५ | ५७३००० |
| | | | | | | | मुलाबारी खानेपानी लिखु गाउँपालिका वडा नं. ८ मर्मत योजना (साझेदारी) | ५०००० |

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको उपाध्यक्ष पद हाल रिक्त रहेको विशेष परिस्थितिमा, आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा, नीति तथा कार्यक्रम तयारी र राजस्व निर्धारण सम्बन्धी कार्यहरूलाई कानुनी रूपमा अविच्छिन्न र प्रभावकारी ढङ्गले सम्पादन गर्न नितान्त आवश्यक देखिएकोले, देहाय बमोजिमको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो:

- **राजस्व परामर्श समिति संयोजक तोक्ने:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठन हुने राजस्व परामर्श समितिको संयोजकको कानुनी जिम्मेवारी प्रशासकीय आवश्यकता र ऐनको मर्मलाई मध्यनजर गर्दै गाउँपालिका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूलाई तोक्ने ।
- **बजेट तर्जुमा समिति संयोजक तोक्ने:** सोही ऐनको दफा ६७ बमोजिम गठन हुने 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' को संयोजकको पूर्ण कार्यभार तथा अधिकार समेत गाउँपालिका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूलाई नै तोक्ने ।
- **बजेट तर्जुमा समिति सदस्य सचिव तोक्ने:** उक्त बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्नुपर्ने योजना शाखा प्रमुखको दरबन्दी समेत हाल रिक्त रहेको अवस्थामा उक्त समितिको सदस्य सचिवको जिम्मेवारी आन्तरिक लेखा परीक्षक श्री पेशल दाहाललाई तोक्ने ।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो ।